**मिति २०७७/०२/२९ गते बसेको मर्स्याङदी गाउँपालिकाको ६२ औं बैठकका निर्णयहरु :**

१. आ.व. २०७६/०७७ को ससर्त तर्फको नवीकरणीय उर्जा प्रविधिहरु (लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, वायोग्यास, वायोमास, ऊर्जाको उत्पादनमुलक परिप्रयोग) मार्फत ऊर्जा उत्पादन र परिप्रयोग शिर्षकको रु. ११,९३,०००।- बाट सौर्य ऊर्जा (सडक बत्ति) खरिदमा खर्च गर्ने निर्णय गरियो ।

२. जिल्ला विपद् व्यवस्थापन समितिलाई जिल्ला स्तरिय क्वारेन्टाईन व्यवस्थापन लगायत कोरोना रोकथाम तथा नियन्त्रणको लागि रु.५,००,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

३. यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले मिति २०७७/०२/०१ गते राष्ट्रिय दैनिक लमजुङ दर्पणमा रंगिन जस्ता पाताको लागि सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना प्रकाशित गरेकोमा श्री जोन सप्लायर्स, लमजुङ ले कबोल गरेको रकम रु १९७७६८८.७१ (भ्याट सहित) रहेको तर कानुनी, आर्थिक, प्राविधिक, व्यापारिक पक्षहरुको अध्ययन हुँदा कम्तीमा पनि ३ वटा मान्य हुने दरभाउ पत्र प्रतिस्पर्धामा हुनुपर्ने भएको तर सो अनुसार नदेखिएको साथै सार्वजानिक खरिद ऐन अनुसार पुनः सुचना प्रकाशित गरी प्रकृया अगाडि बढाउनु पर्ने तर पुनः सुचना प्रकाशित गरी प्रकृया अगाडि बढाउन समेत समय अभाव हुने देखिएको हुदा एक मात्र प्रतिस्पर्धी जोन सप्लायर्स लमजुङको दरभाउपत्र रद्ध गरी धरौटी रकम फिर्ता गर्ने निर्णय गरियो।

४. मर्स्याङ्दी गाउँपालिकाले मिति २०७६/१०/२९ मा प्रकाशित गरेको **Contract ID: 05/MRM/ROAD 2076-77 (Upgrading of Khudi Ghanpokhara Road in Marsyangdi, Lamjung)** र **Contract ID: 06/MRM/ROAD 2076-77 (Upgrading of Khudi Sirung Road in Marsyangdi, Lamjung** निर्माण कार्यका लागि बिड डकुमेण्टले माग गरेको सबै शर्त पूरा गरि न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहरिएकोले दुवै ठेक्काको बोलपत्रदाता श्री जोन विल्डर्स बेसीशहर लाई जम्मा कबोल अङ्क भ्याट र PS सहित क्रमश रु. ४२५४०३५.०१ र रु. ४८३९३९५.८३ रहेको हुँदा सार्वजनिक खरिद ऐन २०६३(संसोधन सहित) को दफा २७(१) अनुसार श्री जोन विल्डर्स बेसीशहर सँग मिति २०७७/०२/१९ मा गरिएका ठेक्का सम्झौता अनुमोदन गर्ने निर्णय गरियो।

५. खुदी-पाम्चोक-सेग्ले सडकमा रु ७००००० विनियोजित गरी उपभोक्ता समिती मार्फत कार्य गरिएकोमा उक्त सडकमा रकम अभाव भै दोस्रो गाँउसभाबाट रु ८००००० रकम थप विनियोजित गरी सोहि उपभोक्ता समिती मार्फत काम गरिएकोमा उक्त योजनाको नाम फरक पर्न गई खुदी-पाम्चोक-भलामचौर-घलेगाउँ हुन गएको हुदाँ सो योजनाको नामलाई संम्सोधन गरि खुदी-पाम्चोक-सेग्ले सडक नै कायम गर्ने निर्णय गरियो।

६. कोरोना संक्रमणको यस जटिल परिस्थिति र बर्षाको समयमा हुन सक्ने सम्भावित विपद्हरुको समेत हेक्का राख्दै विपद् व्यवस्थापन कोषको आवश्यक व्यवस्थापनको लागि सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठि सम्बन्धी खर्च (२२५१२) अन्तर्गतको जनप्रतिनिधि तालिम शिर्षकको रु.५,००,०००।-, सिपमुलक तथा क्षमता विकास तालिम शिर्षकको रु.१०,००,०००।- र विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको स्वास्थ्य शिविर सञ्चालनको रु.४,९०,०००।- विपद् व्यवस्थापन कोषमा रकमान्तर गर्ने निर्णय गरियो ।

७. आ.व.२०७७/०७८ को लागि वडाहरुलाई पूजिगत तर्फ विनियोजन गर्न देहायको बजेट शिलिङ उपलब्ध गराउने निर्णय गरियो ।

| वडा नं. | विनियोजित बजेट प्रतिशत | रकम | कैफियत |
|---|---|---|---|
| १ | ६.८३ | ५४६४000.00 | |
| २ | ९.६३ | ७७०४000.00 | |
| ३ | १५.४७ | १२३७६000.00 | |
| ४ | १२.३१ | ९८४८000.00 | |
| ५ | ११.३६ | ९०८८000.00 | |
| ६ | ११.४७ | ९१७६000.00 | |
| ७ | १०.४२ | ८३३६000.00 | |
| ८ | ९.५७ | ७६५६000.00 | |
| ९ | १२.९४ | १०३५२000.00 | |
| जम्मा | १०० | ८0000000.00 | |

८. मर्स्याङ्दी गाउँपालिकाले मिति २०७६/१०/२९ मा प्रकाशित गरेको **Contract ID: 06/MRM/ROAD 2076-77 (Upgrading of Khudi Sirung Road in Marsyangdi, Lamjung)** को लागि स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गतबाट विनियोजिंत रु.५० लाखबाट घटेको रकम रु.१,६०,६०४।१७ लाई सोही योजनामा थप ल.इं. गरी काम गर्न आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

९. स्थानिय शिक्षा समितिको सिफारिश अनुसार यस कोरोना भाईरसको संक्रमणको वेला विद्यार्थीहरुको सिकाईको लागी सञ्चालन गरिने टोल स्तरिय सिकाई केन्द्रहरुको लागि आवश्यक व्यवस्थापनको लागी २०७७ असार महिनाको लागि सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठि सम्बन्धी खर्च (२२५१२) अन्तर्गतको शैक्षिक तालिम तथा गोष्ठि शिर्षकबाट रु.४,००,०००।- रकमान्तर गर्ने निर्णय गरियो ।

१०. यस आ.व.को लागि विनियोजित विविध कार्यक्रम खर्चको असक्त, असहाय, विपन्न सहायता कोषबाट निम्नानुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- कासी प्रसाद गुरुङ, मर्स्याङ्दी -२, रु. १०,०००।-

११. विविध कार्यक्रम खर्च (२२५२९) को विभिन्न धार्मीक, सांस्कृतिक, साहित्यिक, महोत्सव, दिवस सम्बन्धी शिर्षकबाट निम्न अनुसारको सहयोग गर्ने निर्णय गरियो ।

- एकादशी महोत्सव २०७६ लाई रु.१,००,०००।-

१२. यस आ.व.को लागि विनियोजित विविध कार्यक्रम खर्चको विपद व्यवस्थापन कोषबाट निम्नानुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- ख्युरिखोला सिंचाई मर्मत, मर्स्याङ्दी -२, रु.२०,०००।-